# बारम्बार सोधिने प्रश्नहरू

### मैले स्वास्थ्य बिमा गरेको छैन भने मैले कसलाई सम्पर्क गर्ने ?

यदि तपाईं म्यासाचुसेट्सका बासिन्दा हुनुहुन्छ भने, तपाईंले स्वास्थ्य बिमा वा MassHealth, Health Connector वा Health Safety Net जस्ता प्रान्तीय कार्यक्रम मार्फत आफ्नो स्वास्थ्य सेवाका बिलहरू तिर्नमा मद्दत प्राप्त गर्न सक्नुहुन्छ । प्रत्येक कार्यक्रमका फरक-फरक नियम र आय सीमा हुन्छन् । तपाईं 617-665-1000 डायल गरी हाम्रो वित्तीय सहायता टोलीलाई पनि सम्पर्क गर्न सक्नुहुन्छ । यदि तपाईं म्यासाचुसेट्समा बसोवास गर्नुहुन्न भने, तपाईंलाई उपलब्ध विकल्पहरूको बारेमा थाहा पाउनका लागि 617-665-3200 डायल गरी हाम्रो ग्राहक सेवा टोलीलाई सम्पर्क गर्न सक्नुहुन्छ ।

### यदि मैले बिमा प्राप्त गर्न सकिनँ भने नि:शुल्क स्वास्थ्य सेवा उपलब्ध छ कि छैन ?

हो, यदि तपाईंले निश्चित प्रान्तीय मापदण्डहरू पूरा गर्नुभएमा नि:शुल्क स्वास्थ्य सेवा उपलब्ध हुने छ । हामीसँग छुटमा (सुपथ मूल्य) स्वास्थ्य सेवा विकल्पहरू पनि उपलब्ध छन् र हाम्रो वित्तीय सहायता टोलीले सेवाहरूको भुक्तानीमा मद्दत गर्नका लागि मेडिकल हार्डसिप कार्यक्रमका लागि आवेदन दिन मद्दत गर्न सक्छन् ।

### मैले CHA मा सेवाहरूको अनुमानित लागत कसरी अनुरोध गर्न सक्छु ?

बिरामीहरूले हाम्रो ग्राहक सेवा टोलीलाई 617-665-3200 मा फोन गरी अनुमानित लागत अनुरोध गर्न सक्छन् । तपाईं Mychart मार्फत पनि अनुमानित लागत अनुरोध गर्न सक्नुहुन्छ । एक पटक पेस गरिसकेपछि हाम्रो टोलीले 48 घण्टाभित्र अनुमानित लागत सहित प्रत्युत्तर दिने छ ।

### मैले आफ्नो तर्फबाट तिर्नुपर्ने (आउट अफ पकेट) कटौतीयोग्य रकम ठूलो छ । मैले मेरो सम्पूर्ण बिल तिर्न सकिनँ भने के हुन्छ ?

हो, यदि तपाईंसँग बिमा कभरेज नभएको कारणले वा तपाईंको स्वास्थ्य बिमाले तपाईंको स्वास्थ्य सेवा कभर नगरेको कारणले तपाईंले मेडिकल बिलहरू तिर्नुपर्ने छ भने, तपाईं छुटका लागि योग्य हुन सक्नुहुन्छ । यदि तपाईंका बिलहरू सह-भुक्तानी, सहबिमा वा कटौतीयोग्यका लागि होइनन् र तपाईंले आफ्नो पहिलो बिलको पहिलो दुई महिनाभित्र भुक्तानी वा भुक्तानी योजना सेटअप गर्नुभयो भने, हामी तपाईंका मेडिकल बिलहरूमा 25% छुट प्रदान गर्ने छौं ।

### के म आफ्नो बक्यौता मौज्दातको लागि भुक्तानी योजना सेट अप गर्न सक्छु ?

यदि तपाईंको बिल बिमा सहभुक्तानी, सहबिमा वा कटौतीयोग्यहरूका लागि हो भने, CHA ले तपाईंलाई लामो अवधिमा आफ्नो मौज्दात भुक्तानीमा मद्दत गर्न ब्याजरहित भुक्तानी योजना विकल्पहरू प्रदान गर्दछ । कृपया हाम्रो ग्राहक सेवा टोलीलाई 617-665-3200 मा फोन गरेर सम्पर्क गर्नुहोस् वा तपाईं MyChart मार्फत भुक्तानी योजनामा नामाङ्कन गर्न सक्नुहुन्छ ।

### के मेरो ऋण क्रेडिट ब्यूरोमा रिपोर्ट गरिन सक्छ ?

होइन, क्याम्ब्रिज हेल्थ एलायन्सले बक्यौता मौज्दातको बारेमा कुनै पनि क्रेडिट ब्युरोलाई रिपोर्ट गर्दैन । अस्पतालले बाहिरी सङ्कलन एजेन्सीसँग सम्झौता गर्न सक्ने भए तापनि, सङ्कलन एजेन्सीले CHA को विस्तारित अङ्गको रूपमा काम गर्दछ र हाम्रा बिरामीहरू विरुद्ध बक्यौता मौज्दातको बारेमा क्रेडिट ब्युरोमा रिपोर्ट

गर्ने, कानुनी कारबाही, पारिश्रमिक गार्निसमेन्ट (रोक्का) वा बिरामीको सम्पत्तिमा ग्रहणाधिकारको आदेश जस्ता कुनै पनि असाधारण कारबाही गर्ने छैन।